जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जा।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण

# (PROACTIVE DISCLOSURE)

तृतीय त्रैमासिक

आ.व. २०८२/८३ माघ - चैत्र




प्रकाशक

नेपाल सरकार

## जिल्ला समन्वय समितिको कार्यालय

स्याङ्जा

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला समन्वय समितिको कार्यालय, स्याङजासँग सम्बन्धित सार्वजनिक विवरण

(२०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म)

### १. स्याङ्जा जिल्लाको परिचय

गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो। यस जिल्लाको सदरमुकाम पुतलीबजार समुद्री सतहबाट ८५० मीटर उचाइमा रहेको छ । समुद्र सतहबाट न्युनतम ३६६ मीटर (केलादी) देखि अधिकतम २,५१२ मीटर (पञ्चासेको लेक) सम्म उचाइमा रहेको जिल्लाको पूर्वमा तनहुं, पश्चिममा गुल्मी, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा कालीगण्डकी नदीसहित पाल्पा जिल्ला रहेका छन्। सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले जिल्लालाई करिब बीचबाट पूर्व र पश्चिम गरी विभाजन गरेको छ। सुनौली-पाल्पा-स्याङ्जा-पोखरा-काठमाडौ सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्जा जिल्ला सडक पूर्वाधारमा अगाडि रहेको छ। यहाँ पहिलो नमुना ग्रामीण पर्यटन गाउ "पञ्चमूलको सिरुबारी", छ भने दूध, सुन्तला, अदुवा र कफी उत्पादन गर्ने जिल्लाको रुपमा समेत परिचित छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार स्याङ्जाको जनसङ्ख्या २,५३,०२४ रहेको छ। यस जिल्लाले नेपालको क्षेत्रफलको ११६४ वर्ग कि.मि. (०.७९ प्रतिशत) भू-भाग समेटेको छ। राजनीतिक विभाजन अनुसार स्याङ्जा जिल्लामा ११ वटा स्थानीय तह (५ नगरपालिका र ६ गाउँपालिका) रहेका छन् भने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २ वटा निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनको लागि ४ वटा निर्वाचन क्षेत्र रहेका छन्।

### २ जिल्ला समन्वय समितिको कार्यालय, स्याङजाको परिचयः

जिल्लामा विभिन्न स्थानीय तहहरुबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बद्ध कार्यहरुको अनुगमन गर्ने तथा विभिन्न निकायहरुबीच समन्वय गर्ने उदेश्यले संविधानको धारा २२० बमोजिम जिल्ला समन्वय समितिहरु गठन/स्थापना भएका हो। जिल्ला समन्वय समितिको काम कारवाहीलाई थप स्पष्ट गर्ने कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत गरेको छ।

### २.१. जिल्ला समन्वय समितिको कार्यालय, स्याङजाको काम, कर्तव्य र अधिकारः

क. जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी संवैधानिक व्यवस्थाः धारा ५६ को उपधारा (१) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ। धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला भित्रका नगरपालिका र गाउँपालिका वीच समन्वय गर्न जिल्लामा एक जिल्ला सभा रहने व्यवस्था छ। उपधारा (३) बमोजिम जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ। उपधारा (७ ) जिल्ला सभाको काम कर्तव्य र देहाय बमोजिम हुने व्यवस्था छ।

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका वीच समन्वय गर्ने ।

- ❖ प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला सभा/जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था देहाय बमोजिम गरेको छ।

- ❖ जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।
- ❖ जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी· कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापन र सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्ग दर्शन दिने ।
- ❖ जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसंग समन्वय गर्ने ।
- ❖ जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउंपालिका तथा नगरपालिका बिच समन्वय गर्ने ।
- ❖ जिल्ला भित्रका स्थानीय तहका बिच कुनै विवाद भएमा त्यसको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने ।
- ❖ जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।
- ❖ जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।
- ❖ जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अनुगमन गरी सन्तुलन कायम गर्नको लागि संघ, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहलाई सुझाव दिने ।
- ❖ जिल्ला भित्रको विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउनका लागि वर्षमा कम्तीमा १ पटक बार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्य लाई आमन्त्रण गरी सुझाव लिने।
- ❖ नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।
- ❖ ऐनको दफा ९५ मा जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

जिल्ला समन्वय अधिकारी

२.२ जिल्ला समन्वय समितिको कार्यालय, स्याङजामा रहेको कर्मचारी दरबन्दी संख्याः

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | द. संख्या | कै |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | ईन्जिनियरिङ्ग | सिभिल | १ | |
| ४ | नायव सुव्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ६ | सव-ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ | सिभिल | १ | |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | मेकानिकल | २ | |

२.३ जिल्ला समन्वय समितिको कार्यालय, स्याङजामा रहेका शाखा र जिम्मेवार कर्मचारीः

| क्र.सं. | शाखाको नाम | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|
| १. | प्राविधिक शाखा | कपिल खनाल क्षेत्री | |
| २ | लेखा शाखा | गणेशप्रसाद डुम्रे | |
| ३ | जिन्सी शाखा | नायव सुव्बा सचिन सापकोटा | |
| ४ | प्रशासन शाखा | खरिदार सनम बहादुर क्षेत्री | |

२.४ जिल्ला समन्वय समितिको, स्याङ्जाका पदाधिकारीहरुको विवरण।

| क्र.सं. | पद | नाम थर | मोवाइल नं. |
|---|---|---|---|
| १ | प्रमुख | श्री श्रीप्रसाद जि.टी. | ९८६६००५९६१ |
| २ | उप-प्रमुख | श्री खड्कराज सुवेदी | ९८५६०३९४८९ |
| ३ | सदस्य | श्री कृष्णप्रसाद सुवेदी | ९८५६०६६७४५ |
| ४ | सदस्य | श्री गिता खाँण | ९८१९१८७५७७ |
| ५ | सदस्य | श्री निरमाया पराजुली | ९८४६१५६९७३ |
| ६ | सदस्य | श्री निर्मला सार्की | ९८१४१४५७४५ |
| ७ | सदस्य | श्री नेम बहादुर राना | ९८५६०५३०८८ |
| ८ | सदस्य | श्री भोज बहादुर दर्लामी | ९८५६०५१४७७ |
| ९ | सदस्य | श्री सरस्वती बगाले | ९८४६०९५५३५ |

२.५ जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जामा कार्यरत कर्मचारीको विवरण।

| क्र.सं. | पद | नाम/थर | सम्पर्क नं (मोबाइल नं.) |
|---|---|---|---|
| १ | जि.स.अ | प्रवीण ढकाल | ९८५६००९२२२ |
| २ | ईन्जिनियर | कपिल खनाल क्षेत्री | ९८५६००९२२३ |
| ३ | लेखापाल | गणेश प्रसाद डुम्रे | ९८४६७१२००३ |
| ४ | नायव सुव्बा | सचिन सापकोटा | ९७६२३३४५८९ |

| क.सं. | पद | नाम/थर | सम्पर्क नं (मोबाइल नं.) |
|---|---|---|---|
| ५ | खरिदार | सनम बहादुर क्षेत्री | ९८६२३९२९२६ |
| ६ | ह.स.चा. | युवराज शाह | ९८१३५३०५२४ |
| ७ | ह.स.चा. | सूर्य बहादुर खवास | ९७६६०१४१२२ |
| ८ | का.स. | सीता अधिकारी | ९८४६०९५४९६ |
| ९ | का.स. | रुद्र लाल शर्मा | ९८४६७८८०८२ |
| १० | का.स. | जगदिश अर्याल | ९८४६०५२६४५ |

२.६ निर्णय गर्ने प्रक्रिया र अधिकारी/तहः

- जिल्ला समन्वय समिति
- समन्वय प्रमुख
- जिल्ला समन्वय अधिकारी
- शाखा अधिकृतः जिल्ला समन्वय अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

२.७ निर्णय उपर उजुरी सुन्ने अधिकारीः

जिल्ला समन्वय अधिकारी

२.८ सम्पादन गरेको कामको विवरणः २०८२ माघ १ देखि २०८२ चैत्र मसान्तसम्म

- जिल्ला समन्वय समितिका बैठक सङ्ख्याः ३
- योजना बनाई अनुगमनको कार्यलाई निरन्तरता दिइएको।
- सबै स्थानीय तहको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मार्फत पृष्ठपोषण गरिएको।








२.९ कार्यलय प्रमुख र सूचना अधिकारीको नाम र पदः

क) कार्यालय प्रमुखः

- नामः प्रवीण ढकाल पदः जिल्ला समन्वय अधिकारी

ख) सूचना अधिकारीः

- नामः कपिल खनाल क्षेत्री पदः इन्जिनियर

२.१० ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- निजामती सेवा ऐन, २०४९ र
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७४

जिल्ला समन्वय अधिकारी

- वातावरण संरक्षण ऐन, २०७६
- निजामती सेवा नियमावली, २०५०
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- वातावरण संरक्षण नियमावली, २०७७
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधि, २०८०
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधी २०८०
- बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २०७९
- जिल्ला समन्वय समितिको भूमिका रहने गरी समावेश रहेका संघ तथा प्रदेश सरकारका ऐन, नियम, निर्देशिका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका आदेश, परिपत्रहरु।

**२.११ आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरणः २०८२ चैत्र मसान्तसम्म**

- तलव भत्ता भुक्तानीः रु ६९,८७,३५९.९ /-
- अनुगमन/भ्रमण खर्च भुक्तानीः रु ६,८०,४२५.०० /-
- निजी सचिवालय करार कर्मचारीः रु १,०८,८२२/-
- पानी तथा बिजुली, सञ्चार महसुल, इन्धन, मर्मत लगायत अन्य अनिवार्य दायित्व खर्चः रु १८,९४,०५९.०/-
- कार्यक्रम खर्च(समिक्षा बैठक सहित): २,८०,०४०.०/-

**२.१३ जिल्ला समन्वय समितिको कार्यालय, स्याङजाको वेभसाइट, इ.मेल,**

website: dccsyangja.gov.np
email: ddcsyangja@gmail.com , info@dccsyangja.gov.np

**२.१४ सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरणः**

२०८२ माघ १ देखि २०८२ चैत्र मसान्तसम्म सूचनाको हक अन्तर्गत सूचना माग नभएको।

...................
(प्रवीण ढकाल)
जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी